# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

प.सं. २०८१/०८२

च.नं. १५८६

मितिः २०८१/११/०९

श्री यो जो जससँग सम्वन्धित छ ।

विषय-रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्वन्धी सूचना ।

प्रस्तुत विषयमा सिद्धिचरण नगरपालिका -७ ओखलढुङ्गा स्थित श्री विगुटार मा.वि. बिगुटारमा रिक्त रहेको निम्नमाध्यमिक तहको तृतिय श्रेणी ,गणित विषयको स्वीकृत दरवन्दीमा पदपुर्ती गर्न सरुवा प्रकृया अगाडी बढाइदिन हुन भनी वि.व्य.स.को मिति २०८१/१०/०९ को निर्णय तथा विद्यालयको च.नं. ३७ मिति २०८१/१०/१४ को पत्रवाट अनुरोध भई आएकोले सम्वन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरुवाट यो सूचना प्रकाशन भएको मितिले १५( पन्ध्र ) दिन भित्र शिक्षा नियमावलीको अनुसुची-१७ वमोजिमको ढाँचामा सम्वन्धित विद्यालय , स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्वन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्वन्धी निर्देशिका-२०८१ को दफा ९ वमोजिम सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्च

१.तोकिएको म्याद भित्र विद्यालय इमेल ठेगाना bigutarsecondaryschool@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।

२.म्याद नाघि वा तोकिए वमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

३. सरुवा हुन चाहेको विद्यालय एउटै स्थानीय तहको भए हाल कार्यरत विद्यालयको सहमति ,एउटै जिल्ला भित्रको फरक स्थानिय तह अन्तर्गतका विद्यालय भए आफु कार्यरत विद्यालय र कार्यरत विद्यालय रहेको स्थानीय तहको सहमति समावेश गर्नु गर्नेछ ।

४.उक्त पदमा स्थायी शिक्षक पदपूर्तीका लागि शिक्षक सेवा आयोगमा विवरण पठाई सकिएकोले जिल्ला अन्तर सरुवा भई आउने सुविधा उपलव्ध हुनेछैन ।

फणिन्द्र बहादुर कटवाल
नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री शिक्षा विकास तथा समन्वय इकाई ,ओखलढुंगा ।

श्री विगुटार मा.वि. बिगुटार,ओखलढुंगा ।